## २०८२ जेठ १३ गतेको सचिव बैठकका निर्णयहरूः

1= प्रदेश अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा समावेश भएका बाँकी योजना तथा कार्यक्रमहरू यथाशीघ्र सम्पन्न हुने गरी कार्य गर्ने गराउने।

2= आगामी आर्थिक वर्षको बजेट निर्माण कार्यमा अन्तर मन्त्रालय समन्वय प्रभावकारी बनाउने, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रदेश सभाबाट पारित भइसकेको हुँदा सो सँग तादात्म्यता हुने गरी बजेट प्रस्ताव गर्ने र सोही बमोजिम माईलस्टोन सहितको कार्यान्वयन कार्ययोजना तयार गर्ने।

3= चालू आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन प्रगति २०८२ को श्रावण महिनाको पहिलो हप्ताभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने गरी तयारी अवस्थामा रहने।

4= आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेशस्तरीय मनसुनजन्य विपदको पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरी स्थानीय तह समेतसँग समन्वय गरी कार्यान्वयन गर्ने गराउने।

5= लगानी सम्मेलनसँग सम्बन्धित विषयहरू कार्यान्वयनको अवस्था लगानी प्राधिकरणसँग समन्वय गरी नियमित रूपमा follow up गर्ने, सो सँग सम्बन्धित विषयहरू आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले नै पहल लिने।

6= GIOMS प्रणाली, गुनासो व्यवस्थापन पोर्टल, CM Dashboard लगायतका विद्युतीय प्रणाली कार्यान्वयनमा सचिव स्वयंले नियमित सुपरिवेक्षण गरी प्राथमिकताका साथ फछ्र्यौट गर्ने।

7= सार्वजनिक सेवा प्रवाह गुनासोरहित र सहज बनाउने। सार्वजनिक निकायमा पारदर्शिता र जवाफदेहिताको अभिवृद्धि गरी सुशासन कायम गर्ने, यस पूर्वको बैठकमा छलफल भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

8= सूचनाको हक सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनका लागि यस भन्दा अगाडीका भएका निर्णयहरू पुनरावलोकन गरी स्वतः प्रकाशन को कार्य नियमित गर्ने गराउने।

9= प्रदेश सरकार अन्तर्गत रहेका भौतिक तथा अन्य सम्पत्ति तत् तत् मन्त्रालय/ निकायले PAMS मा अद्यावधिक गरी संरक्षण र व्यवस्थापन गर्ने।

10=संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न बाँकी भएका मन्त्रालय/ निकायले शीघ्र सम्पन्न गरी पेश गर्ने।

11=मन्त्रिपरिषदबाट भएका निर्णय तथा माननीय मुख्यमन्त्रीज्यूबाट समय समयमा भएका निर्देशनको कार्यान्वयन अवस्था र प्रगति नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।